# के मैले यस्ता कार्यहरु गर्न सक्छु वा सक्दिन?

अगस्ट 2025

**आगलागी रिपोर्ट गर्न 000 मा फोन गर्नुहोस्**

Nepali | नेपाली

यस निर्देशिकाले तपाईंलाई घोषित आगलागीको खतराको अवधि (Fire Danger Periods) र पूर्ण रुपमा आगो निषेधित दिनहरूमा (Total Fire Ban) (जब खुला ठाउँमा आगो सल्काउन कानुनी रूपमा प्रतिबन्धित हुँदा) त्यो बेला के के गर्न सक्नुहुन्छ र के के गर्न सक्नुहुन्न भन्ने बारेमा सामान्य जानकारी दिन्छ।

CFA ले भिक्टोरियामा आगलागीको जोखिम बढेको अवधिलाई आगलागीको खतराको अवधि घोषणा गर्दछ र राज्यभरि विभिन्न क्षेत्रहरूमा फरक-फरक आगलागीको खतराको अवधि घोषणा गर्न सक्छ। आफ्नो क्षेत्रमा यस बारेमा थप जानकारी लिनको लागि CFA को वेबसाइट cfa.vic.gov.au मा हेर्नुहोस्। राज्यको वन-जङ्गल, राष्ट्रिय निकुञ्ज र संरक्षित सार्वजनिक जग्गाहरुमा, वर्षभरि नै आगो सम्बन्धी प्रतिबन्धहरू लागू हुन्छन्। यी क्षेत्रहरूमा आगो सम्बन्धी प्रतिबन्धहरूको बारेमा सल्लाह सुझाव लिनको लागि ऊर्जा, वातावरण तथा जलवायु कार्य विभाग (DEECA) लाई सम्पर्क गर्नुहोस्। साथै, सधैं आफ्नो नगरपालिकामा बुझ्नुहोस् किनकि केही ठाउँमा वर्षभरि नै प्रतिबन्धहरू लागू हुन सक्छन्।

आगलागी द्रुत रूपमा फैलिने र नियन्त्रण गर्न गाह्रो हुने दिनहरूमा CFA द्वारा पूर्ण रुपमा आगो निषेध (Total Fire Ban) घोषणा गरिन्छ। यो सम्पूर्ण भिक्टोरियाभरि वा निश्चित जिल्लाहरूमा लागू हुन सक्छ। आगलागीको खतराको अवधि र पूर्ण रुपमा आगो निषेध गरिएका दिनहरूमा अवैध रूपमा आगो बाल्दा भारी जरिवाना र सम्भावित जेल सजाय हुन सक्छ।

## के म बारबेक्यू गर्न, क्याम्प फायर गर्न वा आफूलाई न्यानो बनाउन आगो बाल्न सक्छु?





### आगलागीको खतराको अवधिमा

**सक्नुहुन्न, निम्न अवस्था बाहेक:**

- हावाको गति १० किमी/घण्टा भन्दा कम हुँदा (पातहरू र साना हाँगाहरू निरन्तर मन्ध गतिमा चलेको देख्न सकिन्छ)
- आगो **उचित रुपमा निर्मित चिमनी** मा वा कम्तीमा ३० सेन्टिमिटर गहिरो खाडलमा बाल्दा
- आगो बाल्ने ठाउँ वरिपरिको ३ मिटर दूरी र माथिको सतह प्रज्वलनशील पदार्थ मुक्त हुँदा
- आगोले १ वर्ग मिटरभन्दा बढी क्षेत्रफल ओगटेको र प्रयोग गरिएका ठोस इन्धनको आकार र आयामहरू यस उद्देश्य अनुरुप न्यूनतम मापदण्ड पुरा गरेको खण्डमा
- आगो बालुन्जेल त्यहाँ एक व्यक्ति उपस्थित हुँदा र आगो निभाउने क्षमता र साधन भएको खण्डमा
- जानु अघि नै आगो पूर्ण रूपमा निभाएको खण्डमा

ध्यान दिनुहोस् कि CFA ऐन १९५८ ले परिभाषित गरे अनुसार, उचित रुपमा निर्मित अगेनु (फायरप्लेस) भनेको ढुङ्गा, धातु, कंक्रीट वा आगोको परिधि समावेश गर्ने अन्य कुनै पनि गैर-प्रज्वलनशील पदार्थबाट बनेको अगेनु (फायरप्लेस) हो। व्यावसायिक रूपमा उत्पादित बारबेक्यू वा पोर्टेबल ग्यास चुल्होलाई उचित रुपमा निर्मित अगेनु (फायरप्लेस) मानिन्छ।


### पूर्ण रूपमा आगो निषेधित दिनहरूमा

**पूर्ण रुपमा आगो निषेधित दिनहरूमा सबै क्याम्प फायरहरू, न्यानोपनको लागि वा आराम गर्दै आगो ताप्ने कार्य प्रतिबन्धित हुन्छन्। पूर्ण रुपमा आगो निषेधित दिनहरूमा ठोस तथा तरल इन्धन प्रयोग हुने बारबेक्यू र चुल्हो (ह्याङ्गिस लगायत) पनि प्रतिबन्धित हुन्छन्।**

**सक्नुहुन्न, निम्न अवस्था बाहेक:**

- बार्बेक्युमा केवल ग्यास वा बिजुली प्रयोग गरिन्छ र यो ढुङ्गा, धातु, कंक्रीट वा अन्य गैर-प्रज्वलनशील सामग्रीबाट बनेको स्थायी र स्थिर संरचनामा जोडिएको खण्डमा जुन विशेष रूपमा खाना पकाउनको लागि बनाइएको हुन्छ, वा खाना पकाउनको लागि विशेष रूपमा डिजाइन र व्यावसायिक रूपमा निर्मित गरिएको हुन्छ (पोर्टेबल ग्यास बारबेक्यु र पोर्टेबल ग्यास चुल्हो लगायत), र आगो बाल्दा स्थिर अवस्थामा राखिएको खण्डमा
- बार्बेक्यु गर्ने ठाउँ वरिपरिको ३ मिटरको दूरी भित्रको क्षेत्र प्रज्वलनशील पदार्थबाट मुक्त रहेको खण्डमा
- तपाईंसँग पानी आपूर्तिसँगै जोडिएको पाइप छ वा तत्काल प्रयोगको लागि कम्तीमा १० लिटर पानी भरेको भाडो भएको खण्डमा
- आगो बालुन्जेल त्यहाँ एक वयस्क उपस्थित भएको र आगो निभाउने क्षमता र साधन भएको खण्डमा
- जानु अघि नै आगो पूर्ण रूपमा निभाएको खण्डमा।

## म खाना पकाउने व्यवसाय (जस्तै क्याटरिङ) चलाउँछु, वा म समुदाय/परोपकारी/कोष सङ्कलन वा त्यस्तै संस्था चलाउँछु। के म घर बाहिरका कार्यक्रमहरूमा बारबेक्यू, कुकर वा हटप्लेट प्रयोग गर्नको लागि आगो सल्काउन सक्छु?



### आगलागीको खतराको अवधिमा

**सक्नुहुन्न, निम्न अवस्था बाहेक:**

- हावाको गति १० किमी/घण्टा भन्दा कम हुँदा (पातहरू र साना हाँगाहरू निरन्तर मन्ध गतिमा चलेको देख्न सकिन्छ)
- आगो **उचित रुपमा निर्मित चिमनी** मा वा कम्तीमा ३० सेन्टिमिटर गहिरो खाडलमा बाल्दा
- आगो बाल्ने ठाउँ वरिपरिको ३ मिटर दूरी र माथिको सतह प्रज्वलनशील पदार्थ मुक्त हुँदा
- आगोले १ वर्ग मिटरभन्दा बढी क्षेत्रफल ओगटेको र प्रयोग गरिएका ठोस इन्धनको आकार र आयामहरू यस उद्देश्य अनुरुप न्यूनतम मापदण्ड पुरा गरेको खण्डमा
- आगो बालुन्जेल त्यहाँ एक व्यक्ति उपस्थित हुँदा र आगो निभाउने क्षमता र साधन भएको खण्डमा
- जानु अघि नै आगो पूर्ण रूपमा निभाएको खण्डमा

यदि तपाईंले यी सर्तहरू पूरा गर्न सक्नुहुन्न भने तपाईंले आफ्नो क्रियाकलापहरूको स्थानको आधारमा अनलाइन (firepermits.vic.gov.au) मार्फत वा CFA वा FRV जिल्ला कार्यालयबाट अनुमतिको लागि आवेदन दिन आवश्यक पर्छ।

### पूर्ण रूपमा आगो निषेधित दिनहरूमा

**सक्नुहुन्न, तपाईंसँग CFA, DEECA वा FRV द्वारा जारी गरिएको लिखित अनुमतिपत्र नभए सम्म र तपाईंले त्यो अनुमतिपत्रको सर्तहरू पालना नगरे सम्म।**

कुनै सामुदायिक संस्था, परोपकारी संस्था वा कोष सङ्कलनमा संलग्न संस्था (उदाहरणका लागि, विद्यालय वा खेलकुद समूह) ले आफ्नो व्यवसायको क्रममा अन्य व्यक्तिहरूको लागि खाना पकाउन आगो बाल्ने अनुमतिको लागि आवेदन दिन सक्छन्। यी अनुमतिपत्रहरू क्रियाकलाप गर्ने स्थानको आधारमा CFA, DEECA वा FRV द्वारा उनीहरूको विवेक प्रयोग गरेर जारी गरिन्छ।

नगरपालिका अग्नि निवारण अधिकारीहरूले यस्तो अनुमतिपत्रहरू जारी गर्न सक्दैनन्।


FIRE RESCUE VICTORIA
frv.vic.gov.au

CFA
cfa.vic.gov.au

# के मैले यस्ता कार्यहरु गर्न सक्छु वा सक्दिन?

**आगलागी रिपोर्ट गर्न**
**000 मा फोन गर्नुहोस्**

## के म सिन्कामा उनेर मासु पोल्नको लागि आगो बाल्ने कोइला, काठ वा अन्य ठोस इन्धन बाट चल्ने चुल्हो (स्पिट स्टाइल रोटिसेरी) प्रयोग गर्न सक्छु?



### आगलागीको खतराको अवधिमा

**सक्नुहुन्न, निम्न अवस्था बाहेक:**

- हावाको गति १० किमी/घण्टा भन्दा कम हुँदा (पातहरू र साना हाँगाहरू निरन्तर मन्ध गतिमा चलेको देख्न सकिन्छ)
- आगो **उचित रुपमा निर्मित चिमनी** मा वा कम्तीमा ३० सेन्टिमिटर गहिरो खाडलमा बाल्दा
- आगो बाल्ने ठाउँ वरिपरिको ३ मिटर दूरी र माथिको सतह प्रज्वलनशील पदार्थ मुक्त हुँदा
- आगोले १ वर्ग मिटरभन्दा बढी क्षेत्रफल ओगटेको र प्रयोग गरिएका ठोस इन्धनको आकार र आयामहरू यस उद्देश्य अनुरुप न्यूनतम मापदण्ड पुरा गरेको खण्डमा
- आगो बालुन्जेल त्यहाँ एक व्यक्ति उपस्थित हुँदा र आगो निभाउने क्षमता र साधन भएको खण्डमा
- जानु अघि नै आगो पूर्ण रूपमा निभाएको खण्डमा

### पूर्ण रूपमा आगो निषेधित दिनहरूमा

**सक्नुहुन्न**

**पूर्ण रूपमा आगो निषेधित दिनहरूमा आगो बाल्ने कोइला, काठ वा अन्य ठोस इन्धन प्रयोग हुने बारबेक्यू र सिन्कामा मासु पोल्ने चुल्हो (स्पिट स्टाइल रोटिसेरी) खुला ठाउँमा प्रतिबन्धित हुन्छन्।**

ध्यान दिनुहोस् कि CFA ऐन १९५८ ले परिभाषित गरे अनुसार, उचित रुपमा निर्मित अगेनु (फायरप्लेस) भनेको ढुङ्गा, धातु, कंक्रीट वा आगोको परिधि समावेश गर्ने अन्य कुनै पनि गैर-प्रज्वलनशील पदार्थबाट बनेको अगेनु (फायरप्लेस) हो। व्यावसायिक रूपमा उत्पादित बारबेक्यूलाई उचित रुपमा निर्मित अगेनु (फायरप्लेस) मानिन्छ।

## के म ग्यासबाट चल्ने वन्यजन्तु धपाउने बन्दुक प्रयोग गर्न सक्छु?



### आगलागीको खतराको अवधिमा

**सक्नुहुन्न, निम्न अवस्था बाहेक:**

- तपाईंसँग CFA वा FRV द्वारा पूर्ण रूपमा आगो निषेधित दिनहरूको लागि जारी गरिएको अनुमतिपत्र नभए सम्म र तपाईंले त्यो अनुमतिपत्रको सर्तहरू पालना नगरे सम्म।

### पूर्ण रूपमा आगो निषेधित दिनहरूमा

**सक्नुहुन्न**

पूर्ण रूपमा आगो निषेधित दिनहरूमा ग्यासबाट चल्ने वन्यजन्तु धपाउने बन्दुकहरू प्रयोग गर्न सक्नुहुन्न।

## के म घाँस, पराल, झारपात, कसिङ्गर, झाडी वा अन्य बोटबिरुवा जलाउन खुला ठाउँमा आगो बाल्न सक्छु?



### आगलागीको खतराको अवधिमा

**सक्नुहुन्न, निम्न अवस्था बाहेक:**

- तपाईंसँग क्रियाकलाप गर्ने स्थानको आधारमा CFA, FRV वा नगरपालिका अग्नि निवारण अधिकारीद्वारा जारी गरिएको आगलागीको खतराको अवधि सम्बन्धित अनुमतिपत्र भएको खण्डमा।
- यदि तपाईंको सार्वजनिक निकायको क्षेत्राधिकार अन्तर्गतको जमिनमा आगो बाल्ने योजना भएमा र तपाईंसँग सरकारी निकायको अग्नि निवारण अधिकारीले जारी गरेको लिखित अनुमतिपत्र भएको खण्डमा।
- तपाईंले त्यो अनुमतिपत्रका सर्तहरू पालना गरेको खण्डमा
- आगो बालुन्जेल त्यहाँ एक व्यक्ति उपस्थित हुँदा र आगो निभाउने क्षमता र साधन भएको खण्डमा
- जानु अघि नै आगो पूर्ण रूपमा निभाएको खण्डमा

धेरै काउन्सिलहरुको स्थानीय कानूनहरू छन् जसले निश्चित दिनहरूमा वा निश्चित स्थानहरूमा वा उनीहरूको नगरपालिका भित्र निश्चित समयमा आगो बाल्न निषेध गर्दछन्। नगरपालिकाको अग्नि निवारण अधिकारी (Municipal Fire Prevention Officer) सँग बुझ्नुहोस्।

### पूर्ण रूपमा आगो निषेधित दिनहरूमा

**सक्नुहुन्न**

पूर्ण रूपमा आगो निषेधित दिनहरूमा घाँस, झारपात, पराल वा फोहोर जलाउन खुला ठाउँमा सबै आगो निषेध गरिएको हुन्छ।

पूर्ण रूपमा आगो निषेधित दिनको अवधिका लागि CFA, FRV, नगरपालिकाको अग्नि निवारण अधिकारी वा सार्वजनिक निकायको अग्नि निवारण अधिकारीद्वारा जारी गरिएका सबै आगलागीको खतराको अवधिका अनुमतिपत्रहरू निलम्बित गरिन्छन्।

आगलागीको खतराको अवधिका लागि छुट वा अनुमति अन्तर्गत दिइएको अनुमतिपत्र लगायत कुनै पनि हाल बालिरहेका आगो निषेधित हुन्छन् र पूर्ण रूपमा आगो निषेधित दिनहरू सुरु हुनुभन्दा पहिले पूर्ण रूपमा आगो निभाउनु पदर्छ।

## के मैले कुनै बाली, घाँस, पराल, झारपात, कसिङ्गर, झाडी वा अन्य बोटबिरुवाको सम्पर्कमा आउने ठाउँमा गाडी चलाउन सक्छु?

### आगलागीको खतराको अवधिमा

**सक्नुहुन्न, निम्न अवस्था बाहेक:**

- गाडीमा एक कुशल ध्वनि न्यून गर्ने (साइलन्सिङ) उपकरण (जस्तै मफलर) जडान गरिएको जसले इन्जिनबाट सबै धुवाको निकास साइलन्सिङ उपकरण मार्फत फालेको खण्डमा।

तातो धुवा फाल्ने प्रणालीबाट हुने सक्ने जोखिमका कारणले गर्दा, पूर्ण रूपमा आगो निषेधित दिनहरू नभएता पनि, तपाईंले सुक्खा र खडेरीको याममा सुख्खा बोटबिरुवा भएको ठाउँ तर्केर सवारी साधन चलाउनु होला।

### पूर्ण रूपमा आगो निषेधित दिनहरूमा

**सक्नुहुन्न, निम्न अवस्था बाहेक:**

- गाडीमा एक कुशल ध्वनि न्यून गर्ने (साइलन्सिङ) उपकरण (जस्तै मफलर) जडान गरिएको जसले इन्जिनबाट सबै धुवाको निकास साइलन्सिङ उपकरण मार्फत फालेको खण्डमा।

सम्भव भएसम्म यी कार्य नगर्नु होला किनभने आगलागी सुरु हुने जोखिम अत्यन्तै उच्च हुन्छ र यी दिनहरूमा आगलागीको प्रभाव निकै बढी हुन सक्छ।


FIRE RESCUE VICTORIA
frv.vic.gov.au
CFA
cfa.vic.gov.au

# के मैले यस्ता कार्यहरु गर्न सक्छु वा सक्दिन?

**आगलागी रिपोर्ट गर्न 000 मा फोन गर्नुहोस्**

## के म **आरा**, घाँस वा हांगा काट्ने **ट्रिमर** वा **घास काट्ने मेसिन** प्रयोग गर्न सक्छु?





### आगलागीको खतराको अवधिमा

**सक्नुहुन्न, निम्न अवस्था बाहेक:**

- हरियो नभएका बोटबिरुवा (अर्थात् सुकेका बोटबिरुवा) मा प्रयोग गर्दा आरा, घाँस वा हांगा काट्ने ट्रिमर वा घास काट्ने मेसिन निम्न मापदण्डको भएको खण्डमा:
  - आगलागीको प्रकोप निम्त्याउन सक्ने त्रुटि र यान्त्रिक दोषहरूबाट मुक्त भएको
  - झिल्काहरू निस्तेज पर्ने यन्त्र जडान गरिएको
  - मेसिन वरिपरि कम्तिमा ३ मिटरको क्षेत्र प्रज्वलनशील पदार्थबाट मुक्त रहेको।

साथै, मेसिन प्रयोग भइरहेको अवधिभरि कुनै एक व्यक्ति उपस्थित हुनुपर्छ, र निम्न आगो निभाउने उपकरणहरू मध्ये कम्तिमा एउटा बोक्नुपर्छ:

- एउटा न्यापस्याक स्प्रे पम्प (पानी छर्कने उपकरण), नबिग्रेको अवस्थामा, पूर्ण रूपमा पानी भरिएको, कम्तीमा ९ लिटर क्षमता भएको, वा
- एउटा पानी प्रयोग हुने (सही चापमा राखिएको) आगो निभाउने उपकरण (fire extinguisher), नबिग्रेको अवस्थामा, पूर्ण रूपमा पानी भरिएको र सही चापमा राखिएको, कम्तीमा ९ लिटर क्षमता भएको।

हरियो बोटबिरुवा सम्बन्धी गरिने कामलाई अनुमति दिइन्छ, यद्यपि CFA ले उपकरणहरू माथि उल्लेख गरिएको अवस्थामा राख्न र आगो निभाउने उपकरणहरू बोक्न सुझाव दिन्छ।

### पूर्ण रूपमा आगो निषेधित दिनहरूमा

पूर्ण रूपमा आगो निषेधित दिनहरूमा सम्भव भएसम्म यी कार्य नगर्नु होला किनभने आगलागी सुरु हुने जोखिम अत्यन्तै उच्च हुन्छ र यी दिनहरूमा आगलागीको प्रभाव निकै बढी हुन सक्छ।

यदि काम अत्यावश्यक छ भने, नजिकैको स्तम्भमा दिइएका आगलागीको खतराको अवधि सम्बन्धी निर्देशनहरू पालना गर्नुहोस्।

माथि उल्लेख गरिएका स्पार्क अरेस्टर, न्यापस्याक स्प्रे पम्प र पानी प्रयोग हुने आगो निभाउने उपकरण (water fire extinguisher) सबै अष्ट्रेलियाली मापदण्ड अनुसारको हुनुपर्ने कुरामा ध्यान दिनुहोस्।

## के मैले निम्न कुराहरू गर्न सक्छु:

- **वेल्डिङ, ग्यास प्रयोग गरेर काट्ने, फलाम जोड्ने, पिस्ने, कोइला पार्ने वा फलाम/ढुङ्गा काट्ने विद्युतीय यन्त्रको प्रयोग?**
- **रेल मर्मत?**
- **अलकत्रा पगाल्न?**
- **मह काड्दा मौरी धपाउन अगुल्टोको प्रयोग?**
- **मह काड्दा कुनै धुवाँ वा तापको प्रयोग?**



### आगलागीको खतराको अवधिमा

**सक्नुहुन्न, निम्न अवस्था बाहेक:**

- आगो प्रतिरोधी सामग्रीबाट बनेको पर्खाल वा बारलाई यसरी राखियोस् वा खडा गरियोस् कि झिल्का, तातो धातु वा धातुको तरल अवशेषहरूको उत्सर्जन रोक्न सकियोस्;
- क्रियाकलाप गरिने स्थलबाट कम्तिमा १.५ मिटरको दायरासम्मको क्षेत्र सबै प्रज्वलनशील पदार्थहरूबाट मुक्त रहेको वा आगो फैलिनबाट रोक्नको लागि पर्याप्त मात्रामा भिजेको; र
- आगलागी भएको अवस्थामा तत्काल प्रयोगको लागि पानी आपूर्ति सञ्जाल वा पूर्ण रूपमा पानी भरिएको र सही चापमा राखिएको कम्तीमा ९ लिटर क्षमता भएको झोला (न्यापस्याक) ढाँचाको प्रभावकारी पानी छर्किने पम्प तयारी अवस्थामा रहेको; र
- काटिएका धातुका टुक्राटाक्रीहरू र वेल्डिंग रडको तल्लो भाग (इलेक्ट्रोड स्टबहरू) सिधै आगो प्रतिरोधी कन्टेनरमा राखिएको
- आगो बालुन्जेल त्यहाँ एक व्यक्ति उपस्थित हुँदा र आगो निभाउने क्षमता र साधन भएको खण्डमा
- जानु अघि नै आगो पूर्ण रूपमा निभाएको खण्डमा

### पूर्ण रूपमा आगो निषेधित दिनहरूमा

**सक्नुहुन्न**

**पूर्ण रूपमा आगो निषेधित दिनमा यस्ता गतिविधिहरू गर्न वा आगो बाल्न निषेधित हुन्छ।**

सीमित परिस्थितिहरूमा मात्र, CFA, DEECA वा FRV ले पूर्ण रूपमा आगो निषेधित दिनहरूमा अनुमतिपत्र जारी गर्न सक्छन्।

यी अनुमतिपत्रहरू क्रियाकलाप गर्ने स्थानको आधारमा CFA, DEECA वा FRV द्वारा जारी गरिन्छ। यो नगरपालिका अग्नि निवारण अधिकारीहरूले जारी गर्न सक्दैनन्।

अनुमतिपत्रको लागि आवेदन कसरी दिने भन्ने बारे विवरणहरूको लागि पछाडिको पृष्ठ हेर्नुहोस्।

# के मैले यस्ता कार्यहरु गर्न सक्छु वा सक्दिन?

**आगलागी रिपोर्ट गर्न 000 मा फोन गर्नुहोस्**

## के मैले इन्सिनरेटर (फोहोर जलाउने भट्टि/उपकरण) प्रयोग गर्न सक्छु?

### आगलागीको खतराको अवधिमा

**सक्नुहुन्न, निम्न अवस्था बाहेक:**

१. इन्सिनरेटरको प्रयोग बारे सर्तहरू तोक्न वा प्रतिबन्धित गर्न वा निषेध गर्न सक्ने कुनै पनि स्थानीय कानूनहरूको बारेमा काउन्सिलसँग बुझ्नुहोस् (जस्तै निश्चित दिनहरूमा, निश्चित क्षेत्रहरूमा वा निश्चित समयको लागि प्रतिबन्ध)।

२. र निम्न मापदण्डहरू पूरा गरेको खण्डमा:

- आगोलाई इन्सिनेटर भित्र प्रभावकारी रूपमा सीमित गरिएको अर्थात् इन्सिनेटरको माथि, तल वा छेउ बाट झिल्का, कोइला वा आगोको ज्वालाहरू निस्कन नमिल्ने गरि राखिएको।
- हावाको गति १० किमी/घण्टा भन्दा कम हुँदा (पातहरू र साना हाँगाहरू निरन्तर मन्ध गतिमा चलेको देख्न सकिन्छ)
- इन्सिनरेटरको बाहिरी परिधिबाट ३ मिटर भित्रको जमिन र खुला क्षेत्र प्रज्वलनशील पदार्थबाट मुक्त भएको।
- आगो बलिरहेको बेला आगो निभाउन पर्याप्त पानीको आपूर्ति हरबखत उपलब्ध भएको।
- आगो बालुन्जेल त्यहाँ एक व्यक्ति उपस्थित हुँदा र आगो निभाउने क्षमता र साधन भएको खण्डमा
- जानु अघि नै आगो पूर्ण रूपमा निभाएको खण्डमा

### पूर्ण रूपमा आगो निषेधित दिनहरूमा

**सक्नुहुन्न**

पूर्ण रूपमा आगो निषेधित दिनहरूमा इन्सिनरेटर प्रयोग गर्न निषेध गरिएको हुन्छ।

ध्यान दिनुहोस् कि CFA ऐन १९५८ अन्तर्गत इन्सिनरेटरलाई एउटा संरचना वा उपकरणको रूपमा परिभाषित गरिन्छ जसको प्रयोग अनावश्यक सामग्रीहरू जलाएर हटाउन वा विसर्जन गर्नको लागि तोकिएको हुन्छ र:

- गैर-प्रज्वलनशील पदार्थबाट निर्मित हुन्छ, र
- झिल्का, अंगार वा अन्य प्रज्वलनशील पदार्थको उत्सर्जन रोक्नको लागि गैर-प्रज्वलनशील पदार्थबाट बनेको पर्खाल वा बार जडान गरिएको हुन्छ।

## के मैले कुनै पनि बाली, घाँस, पराल, झारपात, झाडी वा अन्य बोटबिरुवाको ९ मिटर भित्र स्वचालित कृषि औजार, ट्र्याक्टर, काट्ने, माटो ओसार्ने, उत्खनन गर्ने वा सडक बनाउने मेसिनहरू प्रयोग गर्न सक्छु?

### आगलागीको खतराको अवधिमा

**सक्नुहुन्न, निम्न अवस्था बाहेक:**

- औजारहरू आगो फैलिन सक्ने त्रुटि र यान्त्रिक दोषहरूबाट मुक्त भएको।
- औजारहरूमा नबिग्रेको अवस्थाको स्पार्क अरेस्टर, टर्बोचार्जर वा धुवा फाल्न एस्पिरेटेड एयर क्लीनर जडान गरिएको।
- आगो निभाउने उपकरणहरू जसमा निम्न समावेश भएको खण्डमा:
  - कम्तिमा एउटा न्यापस्याक स्प्रे पम्प (पानी छर्कने उपकरण), नबिग्रेको अवस्थामा, पूर्ण रूपमा पानी भरिएको, कम्तीमा ९ लिटर क्षमता भएको, वा
  - कम्तिमा एउटा पानी प्रयोग हुने (सही चापमा राखिएको) आगो निभाउने उपकरण (fire extinguisher), नबिग्रेको अवस्थामा, पूर्ण रूपमा पानी भरिएको र सही चापमा राखिएको, कम्तीमा ९ लिटर क्षमता भएको।

### पूर्ण रूपमा आगो निषेधित दिनहरूमा

सम्भव भएसम्म यी कार्य नगर्नु होला किनभने आगलागी सुरु हुने जोखिम अत्यन्तै उच्च हुन्छ र यी दिनहरूमा आगलागीको प्रभाव निकै बढी हुन सक्छ।

यदि काम अत्यावश्यक छ भने, नजिकैको स्तम्भमा दिइएका आगलागीको खतराको अवधि सम्बन्धी निर्देशनहरू पालना गर्नुहोस्।

माथि उल्लेख गरिएका स्पार्क अरेस्टर, न्यापस्याक स्प्रे पम्प र पानी प्रयोग हुने आगो निभाउने उपकरण (water fire extinguisher) सबै अष्ट्रेलियाली मापदण्ड अनुसारको हुनुपर्ने कुरामा ध्यान दिनुहोस्।

---

आगो निषेध सम्बन्धी कानूनहरूको पालना गर्नु आगो प्रयोग गर्ने प्रत्येक व्यक्तिको जिम्मेवारी हो। आगो प्रयोग गर्ने जो कोहीले पनि आफ्नो कार्यले अन्य सम्पत्तिमा आगो फैलिन नदिने कुरा सुनिश्चित गर्नुपर्छ। जानाजानी वा लापरवाहीपूर्वक आगो बाल्ने, बलि रहन दिने वा निभाउन असफल हुने र अन्य सम्पत्तिमा फैलिन दिने जो कोहीलाई पनि अपराध ऐन १९५८ (Vic) अन्तर्गत कडा सजाय हुन सक्छ।

**घोषित आगलागीको खतराको अवधि वा पूर्ण रूपमा आगो निषेधित दिनहरूमा आगो प्रयोग गर्न अनुमति लिनको लागि म कसरी आवेदन दिन सक्छु?**

firepermits.vic.gov.au मा हेर्नुहोस्।

**मेरो अनुमतिपत्र अनुसार आगो बाल्दा मैले कसलाई जानकारी दिनुपर्छ?**

तपाईंले firepermits.vic.gov.au मार्फत तीन शून्य भिक्टोरिया (Triple Zero Victoria) लाई सूचित गर्नुपर्छ। आफ्नो अनुमतिपत्रका सर्तहरू हेर्नुहोस् किनकि प्रायः अन्य व्यक्तिहरूलाई पनि सूचित गर्नुपर्ने हुनसक्छ।

**यदि केहि चिज जलाउन छ भने मैले कसलाई जानकारी दिनुपर्छ?**

वर्षको कुनै पनि समयमा, तपाईंले firepermits.vic.gov.au मार्फत जलाउनु अघि तीन शून्य भिक्टोरिया (Triple Zero Victoria) लाई सूचित गर्नुपर्छ।

कुनै पनि स्पष्टीकरण वा थप जानकारीको लागि निम्नमा सम्पर्क गर्नुहोस्:

**CFA**: फोन (03) 9262 8444;
इमेल firepermitqueries@cfa.vic.gov.au

**DEECA**: फोन 136 186;
वेबसाइट: ffm.vic.gov.au/permits-and-regulations/fire-permits

**FRV**: फोन (03) 9662 2311;
इमेल firepermitqueries@frv.vic.gov.au

मेलबर्नको उत्तर-पूर्व र पूर्वमा रहेका धेरै नगरपालिकाहरूमा, सार्वजनिक भूमि सीमाको १.५ किलोमिटर भित्र पनि DEECA आगो निषेध लागू हुन्छन्। विवरणहरूको लागि DEECA को वेबसाइट हेर्नुहोस्।

FIRE RESCUE VICTORIA frv.vic.gov.au

CFA cfa.vic.gov.au